राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६१६/२०७२/०७३

निर्णय नं. ८०६

जिल्ला रौतहट गौर नगरपालिका वडा नं. ४ बस्ने राम एकवाल साह ..........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय रौतहट..............................................................१ प्रत्यर्थी

सूचना अधिकारी, जिल्ला जनस्वास्थ्य कार्यालय, रौतहट..........................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला रौतहट गौर नगरपालिका वडा नं. ४ बस्ने राम एकवाल साहले जिल्ला जनस्वास्थ्य कार्यालय रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।२१ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला जनस्वास्थ्य कार्यालय, रौतहटका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन जारी गरे अनुसार यस निकायमा (अस्पताल) सर्वसाधारणले निःशुल्क पाउने औषधीहरु छ कि छैन ? छ भने कुन कति परिमाणमा रहेको छ ? आ.व. २०७२।०७३ मा कति आयो र खर्च कति भयो त्यसको प्रमाणित प्रतिलिपि ।